नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

# जिल्ला प्रशासन कार्यालय

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय रुकुम (पश्चिम)

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/०६

## आदेश जारी गरिएको जरुरी सूचना

छिमेकी मुलुक भारतमा कोभिड- १९ को संक्रमण तीव्र रुपमा बढ्दै गइरहेको तथा नेपालमा समेत संक्रमित तथा मृत्यु हुनेको संख्या बृद्धि भइरहेको र यस जिल्लामा समेत कोभिड-१९ को संक्रमण देखिई संक्रमितको मृत्यु समेत भईसकेको अवस्थालाई मध्यनजर राखी जिल्ला विपद व्यवस्थापन समितिको मिति २०७८।०१।०६ गते बसेको बैठकबाट भएका निर्णयहरु समेतका आधारमा स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ (३) तथा संक्रामक रोग ऐन २०२० को दफा २(१) बमोजिम देहाय बमोजिम गर्नु/गराउनुहुन यो आदेश जारी गरिएको छ। यस आदेशमा उल्लेखित विषयहरुको पालना नगरेको खण्डमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत सबैलाई जानकारी गराईन्छ ।

१. सबै व्यक्तिहरुले घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्क लगाउने, नियमित रुपमा साबुन पानीले हात धुने वा स्यानिटाइजरको प्रयोग गर्ने, तोकिएको भौतिक दुरी कायम गर्ने जस्ता स्वास्थ्य सुरक्षाका मापदण्डको पालना गर्ने र कुनै लक्षण देखिएमा तत्काल स्वास्थ्य संस्थामा सम्पर्क राख्ने।
२. संक्रमणको जोखिम पूर्णरुपमा नहट्दासम्म कुनै किसिमका मेला, महोत्सव, जुलुश, धर्ना, आमसभा, खेलकुदका कार्यक्रम, साँस्कृतिक कार्यक्रम लगायतका भीडभाड हुने खालका कार्यक्रमहरु सञ्चालन नगर्ने/नगराउने, विवाह, ब्रतबन्ध, काजकिरिया लगायत नियमित रुपमा गर्नुपर्ने धार्मिक/साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्नुपरेमा बढीमा २५ जना व्यक्तिको उपस्थितिमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै सञ्चालन गर्ने ।
३. विभिन्न कार्यालय, निकाय, संघसंस्था, राजनीतिक दल आदिले अत्यावश्यक बैठक, प्रशिक्षण, गोष्ठी आदि सञ्चालन गर्नुपरेमा स्थानीय प्रशासनको पूर्व स्वीकृति लिई २५ जना भन्दा बढी सहभागी नहुने गरी तोकिएको भौतिक दुरी र स्वास्थ्य सुरक्षाका अन्य मापदण्डहरु पालना गरेर मात्रै सञ्चालन गर्ने।
४. स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै विद्यालय तथा शैक्षिक संस्थाहरु सञ्चालन गर्ने, विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था मिलाउने र नेपाल सरकारको निर्णय/निर्देशन अनुरुप हुने गरी सिकाईको वैकल्पिक पद्धति लागू गर्ने ।
५. सरकारी, गैरसरकारी तथा निजी क्षेत्रका कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुले स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गराएर मात्रै सेवा सञ्चालन गर्ने। संक्रमणको जोखिमलाई मूल्यांकन गरी बढी भीडभाड हुने कार्यालयहरुले स्थानीय प्रशासनसँगको समन्वयमा सेवा प्रवाहको वैकल्पिक उपाय अवलम्बन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
फोनः- ०८८-५३००४०
०८८-५३००९०
Web:http://daorukumwest.moha.gov.np
E-Mail:- daorukum@gmail.com
daorukum@moha.gov.np

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

# जिल्ला प्रशासन कार्यालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रुकुम (पश्चिम)

पत्र संख्याः-०७७/०७८/प्रशासन
च.नं.

मुसिकोट रुकुम (पश्चिम)
मितिः- २०७८/०१/०६

६. पसल, व्यवसाय, होटल, रेष्टुरेन्ट, उद्योग, कलकारखाना लगायतका सम्पूर्ण व्यवसाय सञ्चालन गर्दा तोकिएका स्वास्थ्य मापदण्डहरुको पूर्ण पालना गरी सञ्चालन गर्ने र राती १०:०० बजे पश्चात सम्पूर्ण व्यवसायहरु बन्द गर्ने।

७. सवारी साधनहरुमा चालक, सहचालक तथा यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने, स्यानीटाईजरको व्यवस्था गर्ने, सीट क्षमता भन्दा बढी यात्रु नराख्ने लगायत तोकिएका स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरेर मात्रै सवारी साधनहरु सञ्चालन गर्ने ।

८. जिल्ला बाहिर सञ्चालन हुने सार्वजनिक सवारी साधनहरुले अन्य जिल्लाबाट यस जिल्लामा प्रवेश गर्दा उक्त साधनमा सवार हुने सबै यात्रुहरुको नाम, ठेगाना, सम्पर्क नम्बर, चढेको स्थान र गन्तव्य स्थानसहितको विवरण अनिवार्य रुपमा तयार गरी जिल्ला प्रवेश गर्ने नाकास्थित हेल्थडेस्क वा प्रहरी इकाईमा बुझाउने। यसरी प्राप्त भएको यात्रुहरुको विवरणलाई सम्बन्धित स्थानीय तहहरुमा पठाई नियमित रुपमा निगरानी गर्ने व्यवस्था मिलाउने ।

९. विदेश तथा नेपालको संक्रमित क्षेत्रहरुबाट जिल्ला प्रवेश गर्ने व्यक्तिहरु अनिवार्य रुपमा १० दिन होम क्वारेन्टीनमा बस्ने।यस्ता व्यक्तिहरुको पहिचान गरी सम्बन्धित वडास्तरीय जनप्रतिनिधि र नजिकको प्रहरी इकाईबाट अनुगमन र निगरानी गर्ने।

२०७८/०१/०६

(बद्रीनाथ गैह्रे)
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी